# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स् संस्था
# एक बर्षे चार्टर्ड इन्टर्नशीप कार्यविधि, २०७१
# (तेस्रो संशोधन, २०८० सहित)

**प्रस्तावना**

विदेशी लेखाव्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरेका व्यक्तिहरुलाई नेपालमा काम गर्नको लागि नेपालको लेखाव्यवसाय, लेखापरीक्षण गर्नु पर्ने निकायहरु, नेपालको ऐन नियमहरु, विभिन्न नियमनकारी निकायहरुले जारी गरेका निर्देशिकाहरु आदिको सम्बन्धमा व्यवहारिक ज्ञान आवश्यक रहेको देखिएको र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ४१क मा त्यस्ता व्यक्तिले सदस्यता वा पेशागत प्रमाणपत्र प्राप्त गर्नको लागि परिषदले तोके बमोजिम इन्टर्नशीप पुरा गर्नुपर्ने व्यवस्था भएकोमा सदस्यता प्राप्त गर्ने प्रयोजनको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा २६ बमोजिम हुने र त्यस्ता व्यक्तिहरुको लागि यस संस्थाको [2]सदस्यता प्राप्त गरिसकेपछि पेशागत प्रमाणपत्र प्राप्त गर्नको लागि पेशागत प्रमाणपत्र प्राप्त गर्नु भन्दापूर्व इन्टर्नशीप (Internship) गराउन वान्छनीय हुने देखिएकोले सो प्रकृयालाई नियमित तथा व्यवस्थित गर्नका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ११(य) तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ४१क को उपदफा (२) बमोजिम परिषदले यो कार्यविधि पारित गरि जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

१) यो कार्यबिधिको नाम [1]**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, एक वर्षे चार्टर्ड इन्टर्नशीप कार्यविधि, २०७१** रहेको छ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

(क) “ऐन” भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ सम्झनु पर्दछ।

(ख) “नियमावली” भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ सम्झनु पर्दछ।

(ग) “संस्था” भन्नाले ऐनको दफा ३ बमोजिम स्थापित नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालाई सम्झनु पर्दछ।

(घ) “परिषद” भन्नाले ऐनको दफा ७ अन्तर्गत गठन भएको संस्थाको परिषदलाई सम्झनु पर्दछ।

(ङ) [3]**“चार्टर्ड इन्टर्न” भन्नाले बिदेशी लेखाव्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण गरि विदेशी लेखाव्यवसायी संस्थाको सदस्यता प्राप्त गरी यस कार्यविधि अनुसार इर्न्टनशीप गर्नुपर्ने व्यक्ति सम्झनु पर्छ।**

---

१ पहिलो संशोधन, २०७५
२ दोस्रो संशोधन, २०७७
३ तेस्रो संशोधन, २०८०